सुदूरपश्चिमप्रदेश सरकार
भूमिव्यवस्था, कृषितथासहकारीमन्त्रालय
कृषिविकासनिर्देशनालय
**कृषिज्ञानकेन्द्र,**
धनगढी,कैलाली

फोन नं.:०९१-५२३२८९
टोल फ्रि नं.: १६६०९११७००१
Email: akckailali@gmail.com

प.स. :- २०७९/८०
च.नं. :-

## धान बाली प्रवर्द्धन र राईस मिल मोडेल कार्यक्रम संचालन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०७९/१२/०७)**

कृषि ज्ञान केन्द्र, कैलालीको चालु आ.ब.२०७९/८० को बार्षिक स्वीकृत संघिय शसर्त कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन ईच्छुक कृषक/कृषक समुह/सहकारी/फार्म/कम्पनीले मिति २०७९/१२/२६ भित्र तपशिलका कागजातहरु संलग्न राखी आबेदन दस्तुर (राजश्व रकम) रु.३००/- फिर्ता नहुने गरी राजश्व खाता नं.१०००१००२०००१००००, प्रदेश लेखा नियंत्रण कार्यालय, राजश्व शिर्षक ११२२९ मा जम्मा गरेको सक्कलै भौचर वा कार्यालयमा बुझाएको नगदी रसिद सहित यस कार्यालय वा यस कार्यालयको सामुदायिक कृषि प्रसार सेवा केन्द्र, बर्दगोरिया गा.पा.१ बौनियामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

............ १२।६
खगेन्द्र प्रसाद शर्मा
(कार्यालय प्रमुख)
खगेन्द्र प्रसाद शर्मा

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | क्षेत्रफल (हेक्टर) | कार्यक्रम संचालन हुने स्थान | शर्तहरु | कार्यालय प्रमुख सुविधा |
|---|---|---|---|---|---|
| १ | धान बाली प्रवर्द्धन कार्यक्रम (मध्यम मसिनो, मसिनो धांन खेती) | २०० | जिल्लाभरी तर अन्य सरकारी तथा गैरसरकारी निकाय र कृषि आयोजना /परियोजनासंगदोहोरो नपर्ने गरी । | ब्यक्तिगत कृषकको हकमा कम्तिमा १० कठ्ठा, तथा समुह/सहकारी मार्फत भए ५ कठ्ठा देखि माथिकाकृषकहरुको कुल क्षेत्रफल कम्तिमा २ बिगाह हुने गरी । | स्वीकृत बजेट र कार्यबिधि अनुसार बीउबिजन, सिंचाई, यान्त्रीकरणर बजारीकरणमा सहयोग । |
| २ | राईस मिल मोडेल कार्यक्रम (मध्यम मसिनो, मसिनो धान खेती प्रोत्साहन अनुदान) | १०० | जिल्लाभरी तर अन्य सरकारी तथा गैरसरकारी निकाय र कृषि आयोजना/परियोजनासंग दोहोरो नपर्ने गरी । | " " " साथै सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न ईच्छुक धान मिलहरुले समेत आवश्यक प्रस्ताव पेश गर्नसक्ने। | स्वीकृत बजेट र कार्यबिधि अनुसार बीउबिजन, सिंचाई, यान्त्रीकरण र बजारीकरणमा सहयोग । |

**आबेदन साथ संलग्न राखुपर्ने कागजातहरु:-**

१. तोकिएको ढाँचामा प्रस्तावना (कृषि तथा पशुपन्क्षी व्यवसाय प्रवर्द्धन नियमावलीको अनुसूची-५ बमोजिम) ।
२. कृषक समुह/सहकारी/कृषि फार्म र कम्पनीको दर्ता प्रमाण-प्रत्रको प्रतिलिपि ।
३. आबेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. कृषक समुह/सहकारीको निर्णयको प्रतिलिपि ।
५. खेती गरिने जग्गाको आधिकारिता खुल्ने प्रमाण ।
६. प्रस्ताव फारामको ढाँचाको लागि भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट www.molmac.sudurpaschim.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

(थप जानकारीको लागी सम्पर्कः अधिकृत, श्री राम नारायण चौधरी मोबाईल नं.९८५८७५२१०९ बाली विकास शाखा)



CamScanner

सुदूरपश्चिमप्रदेश सरकार
भूमिव्यवस्था, कृषितथासहकारीमन्त्रालय
कृषिविकासनिर्देशनालय
**कृषिज्ञानकेन्द्र,**
धनगढी,कैलाली

फोन नं.:०९१-५२३२८९
टोल फ्रि नं.: १६६०९११७००१
Email: akckailali@gmail.cor

प.स. :- २०७९/८०
च.नं. :-

## "खाद्यान्न बाली बीउ उत्पादन कार्यक्रम संचालन सम्बन्धी सूचना"

**(प्रथम पटक प्रकाशित मितिः२०७९/०१२/०६)**

कृषि ज्ञान केन्द्र, कैलालीको चालु आ.ब.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रमम सहभागी हुन ईच्छुक कृषक/कृषक समुह/सहकारी/फार्म/कम्पनीले मिति २०७९/१२/२६ भित्र तपशिलका कागजातहर संलग्न राखी आबेदन दस्तुर (राजश्व रकम) रु.३००/- फिर्ता नहुने गरी राजश्व खाता नं.१०००१००२०००१००००, प्रदेश लेखा नियंत्रण कार्यालय, राजश्व शिर्षक ११२२९ मा जम्मा गरेको सक्कलै भौचर वा कार्यालयको राजश्व नगदी रसिद सहित यस कार्यालय वा यस कार्यालयको सामुदायिक कृषि प्रसार सेवा केन्द्र, बर्दगोरिया गा.पा.१ बौनियामा आवेदन पेश गर्नु हु सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

खगेन्द्र प्रसाद शर्मा
(कार्यालय प्रमुख)

खगेन्द्र प्रसाद शर्मा
कार्यालय प्रमुख

**तपशिल**

| क.सं. | कार्यक्रमको नाम | क्षेत्रफल (हेक्टर) | कार्यक्रम संचालन हुने स्थान | शर्तहरु |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली बीउ ,उत्पादन कार्यक्रम (धानको श्रोत बीउमा ५०% अनुदान) | १२५ | जिल्लाभरी तर अन्य सरकारी तथा गैरसरकारी निकाय र कृषि आयोजना/परियोजनासंग दोहोरो नपर्ने गरी । | धानको बीउ उत्पादनमा सक्रि रहेका तथा ब्यबस्थित तरिकाले बीउ उत्पादनमा सम्लग्न हुन चाहने कृषक/कृषक समुह/कृषि सहकारी/फर्म/कम्पनीहरु ।<br>चैते, बर्षे वा दुवै सिजनका लागी उपयुक्त हुने मसिनो तथा मध्यम मसिनो धानको वीउ उत्पादन गर्ने लाई प्राथमिकता दिइने छ । |

**आबेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः-**

१. तोकिएको ढाँचामा प्रस्तावना (कृषि तथा पशुपन्क्षी व्यवसाये प्रवर्द्धन नियमावलीको अनुसूची-५ बमोजिम) ।
२. कृषक समुह/सहकारी/कृषि फार्म र कम्पनीको दर्ता प्रमाण-प्रत्रको प्रतिलिपि ।
३. आबेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. कृषक समुह/सहकारीको निर्णयको प्रतिलिपि ।
५. खेती गरिने जग्गाको आधिकारिता खुल्ने प्रमाण ।
६. धानको उन्नत बीउ उत्पादनको हकमा उत्पादित उन्नत बीउ खरिद-बिक्री गर्न कृषक र सहकारी/कम्पनी संग भएको सम्झौता पत्र ।
७. प्रस्ताव फारामको ढाँचाको लागि भूमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट www.molmac.sudurpaschim.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।

(थप जानकारीको लागी सम्पर्कः अधिकृत, श्री राम नारायण चौधरी मोबाईल नं.९८५८७५२१०९ बाली विकास शाखा)



CamScanner

# चुरे गाउँपालीका
## गाउँकार्यपालीकाको कार्यालय
### घरखेडा, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

Email: churegaupalika@gmail.com

प.स: २०७९/०८०
च.न: ११२८

मिति :२०७९/१२/०८

**विषयः प्लष्टिक टनेल (५० प्रतिशत अनुदान) मा आवेदन पेश गर्ने बारे सूचना ।**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/१२/०८**

यस चुरे गाउँपालिकाको कार्यालय, कृषि तथा सहकारी शाखा, घरखेडा कैलालीको आ.व. २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **प्लाष्टिक टनेल ( ५० प्रतिशत अनुदान )** सञ्चालन अनुसार यस चुरे गाउँपालिका भित्र रहेका कृषक, व्यावसायिक कृषक, निजी कृषि फर्महरु, कृषक समुह तथा कृषि सहकारीहरुका लागी यो सुचना प्रकाशन गरिएको छ । साथै निवेदन सम्वन्धीत कृषि तथा सहकारी शाखामा यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र अर्थात २०७९/१२/२९ गते भित्र कार्यालय समयमा उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरु स्पष्ट रुपमा खुल्ने गरी पुर्ण विवरण भरिएको निवेदन दर्ता गर्नहुन र तपशिलको कागजातहरु पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

२०७९/१२/०८

विवि राज सोती
नि. प्रमुख प्रशासकिय अधिकृत

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. निवेदन ।
२. व्यक्तिको हकमा नागरिकता र कृषक समुह, कृषि सहकारी, कृषि फर्मको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. निर्णयको प्रतिलिपि ।
४. समुह, सहकारीको कुनै सदस्यले एकल रुपमा प्लाष्टिक टनेल लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने ।
५. सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र ।
६. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धीत स्थानिय तहको प्रमाण ।

नोटः आवेदन बुझाउने अन्तिम मितिमा विदा पर्न गएमा अघिल्लो दिनको कार्यालय समय भित्र आवेदन बुझाउन सकिनेछ

## अनुदानका लागी आवेदन फारम

मिति:

श्री प्रमुख प्रशासाकिय अधिकृत ज्यू ,
चुरे गाउँपालिका घरखेडा, कैलाली

विषय: ५०% अनुदानमा प्लाष्टिक टनेल उपलब्ध गराइ दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा यस चुरे गाउँपलिकाको मिति ................................ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो समुह/सहकारी/संस्था/कृषि फर्मका सदस्यहरुले ........................................................कार्यक्रमअन्तर्गत...............................................(क्रियाकलापको नाम) सञ्चालन गर्न इच्छुक भएकोले सहभागी गराई गराई दिनहुन यो निवेदन पेश गरेको छु/ छौं ।

निवेदक

नाम:
दस्तखत:
मोबाईल नं.

निवेदन साथ संलग्न कागजातहरु

१ निर्दिष्ट ढाँचा बमोजिमको निवेदन
२ कृषक समुह, कृषि सहकारीहरुको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि
३ निजि कृषि फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपि
४ नेपाली नागरिकताको प्रतिलिपि
५ सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र

CS CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
धनगढी, कैलाली

फोन नं. :- ०९१-५२३२८९
Email: akckailali@gmail.cc

प.स. :- २०७९/०८०

च. नं. :-

## बिभिन्न फलफूलको व्यवसायिक बगैंचा स्थापनाका लागि सहयोग कार्यक्रम (फलफूल क्षेत्र विकास आयोजना) संचालनका लागि आवेदन पेश गर्ने बारेको सूचना !

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/१२/१)

यस कार्यालयको चालु आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गर्नुपर्ने तपसिल बमोजिमको कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/ कृषक समूह/सहकारी तथा कृषि फर्म/कम्पनीहरुले मिति २०७९/१२/१७ भित्र निम्न उल्लेखित कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा यस कार्यालय वा यस कार्यालयको सम्पर्क केन्द्र, बौनियामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

खगेन्द्र प्रसाद शर्मा
कार्यालय प्रमुख

तपसिलः

| क. सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य परिमाण | अनुदान रकम | खेती गर्नुपर्ने न्यूंनतम क्षेत्रफल | कार्यक्रममा समावेश गरिने बालीहर |
|---|---|---|---|---|---|---|
| १. | विभिन्न फलफुलको व्यवसायिक बगैचा स्थापनाका लागि सहयोग कार्यक्रम | हेक्टर | १० | फलफूल बिरुवाको मूल्य र लगाएको आवश्यक सामाग्रीमा लागत अनुमानको बढीमा ५०% अनुदान। | तराई क्षेत्रमा न्यूनतम १० कठ्ठा तथा पहाडी क्षेत्रमा न्यूनतम ५ रोपनी। | केरा, आंप, लिचि, भुईकटहर, मेव अनार, अम्बा, सुन्तला, जुनार/मौसम कागति । |
| | | बिगाहा | १५ | | | |
| २. | नमूना बगैचा स्थापना कार्यक्रम | हेक्टर | ५ | | तराईमा न्यूनतम १ बिगाहा तथा पहाडी क्षेत्रमा न्यूनतम १० रोपनी। | |
| | | बिगाहा | ७.५ | | | |

**आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा प्रस्ताव
२. कृषक समूह/सहकारी तथा फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
४. कृषक समुह/सहकारी तथा फर्म/ कम्पनिको निर्णयको प्रतिलिपी
५. खेती गरिने जग्गाको आधिकारिकता खुल्ने प्रमाणपत्र
६. राजस्व रकम रु.३००/-को भौचर (राजस्व खाता नं. १०००१००२०००१००००,प्रदेश लेखा नि.का.; राजस्व शिर्षक ११२२९)

प्रस्ताव फारामको ढाँचाको लागि भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको वेबसाईट http://molmac.sudurpashchim.gov.np/ मा गएर कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावलीको अनुसूची-५ डाउनलोड गर्न सकिने छ।



CamScanner